# जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवा

## DISTRICT COVID-19 CRISIS MANAGEMENT CENTER, RASUWA(DCCMC)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

**बैठक संख्या** :-

**बैठक मिति** :- २०७८।०१।२२ गते

**स्थान** :- जिल्ला प्रशासन कार्यालय, रसुवा।

### DCCMC सदस्यहरु

**जिल्ला समिति:**

| | | | |
|---|---|---|---|
| श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| श्री मीना अर्याल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| श्री नरेश के.सी. | प्रमुख सेनानी | श्री विष्णुदल गण | सदस्य |
| श्री देवेन्द्र पाण्डे | प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| श्री जंग बहादुर कुँवर | सशस्त्र प्रहरी निरीक्षक | स.प्र.बल नेपाल नं.२० गुल्म धुन्चे | सदस्य |
| श्री सविन श्रेष्ठ | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री बसन्त चालिसे | स्वास्थ्य शिक्षा अधिकृत | स्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| डा.कौशिक सापकोटा | कार्यालय प्रमुख/नि.मे.सु. | रसुवा अस्पताल | सदस्य |
| श्री दुर्गा थापा के.सी. | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | सदस्य-सचिव |

**आमन्त्रित:**

| | | |
|---|---|---|
| श्री कैसाङ नुर्पु तामाङ | गाउँपालिका अध्यक्ष, | गोसाईकुण्ड गाउँपालिका, रसुवा |
| श्री बाबुलाल तामाङ | अध्यक्ष, | नागरिक समाज, रसुवा |
| श्री केशव पौडेल | अध्यक्ष, | नेपाल पत्रकार महासंघ, रसुवा |
| श्री सुप्साङ तमाङ | अध्यक्ष, | उद्योग वाणिज्य महासंघ, रसुवा |
| श्री संजिव अमात्य | अध्यक्ष, | रसुवा चेम्बर अफ कमर्श, रसुवा |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

**निर्णयहरु:**

१. कोभिड-१९ का लागि केश अनुसन्धान तथा कन्ट्याक्ट खोज पड्ताल टीम(CICTT) परिचालन अन्तरिम निर्देशिका, २०७७ को बुदा नं. ६ मा रहेको स्थानीय तहको जिम्मेवारी तथा मिति २०७८।०१।०६ गतेको नेपाल सरकार (मन्त्रिपरिषद्)को निर्णय "नयाँ भेरीएन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहर रोकथाम तथा नियन्त्रण सम्बन्धी आदेश, २०७८" को बुदा नं. २१ बमोजिमको निर्णय कार्यन्वयनका लागि हरेक स्थानीय तहमा CICT टीम गठन गरी परिचालन गर्ने/गराउने ।

२. जनस्वास्थ्य सेवा ऐन, २०७५ दफा ४८ आपतकालीन स्वास्थ्य सेवा तथा व्यवस्थापन अन्तर्गत उपदफा(१) मा "आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन तोकिए बमोजिमको द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समुह रहने छ" भने बमोजिम र मिति २०७८।०१।०६ गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय "नयाँ भेरीएन्ट सहितको कोभीड १९ महामारीको दोस्रो लहर रोकथाम तथा नियन्त्रण सम्बन्धी आदेश २०७८" को बुदा नं २१(च) बमोजिम "स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी राख्ने भन्ने रहेको र अहिलेको अवस्थामा सो समुहको महत्वपूर्ण आवश्यकता रहेकोले हरेक स्थानीय निकायले RRT परिचालन गर्ने।

३. कोभिड-१९ रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारका लागि स्थानीय तहको आन्तरिक स्रोत पर्याप्त नभएमा नेपाल सरकार तथा प्रदेश सरकार समक्ष स्थानीय तहबाट स्रोत व्यवस्थापनका लागि अनुरोध गर्ने।

४. कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि रसुवा-चीन सीमानामा निम्नानुसार स्वास्थ्य मापदण्ड परिपालना गर्ने/गराउने।

क. रसुवागढी सीमा नाकामा भन्सार कार्यालयले स्वास्थ्य जाँच कक्ष (Health Desk) स्थापना गर्ने। सो को लागि स्थानीय प्रशासन मार्फत सुरक्षाकर्मीको प्रबन्ध मिलाउने।

ख. गोसाईकुण्ड गाउँपालिकाबाट स्याफ्रुवेशीमा स्वास्थ्य जाँच कक्ष (Health Desk) स्थापना गरी स्वास्थ्य चेकजाँच गर्ने र अनावश्यक आवतजावत रोक्ने व्यवस्था मिलाउने।

ग. भन्सार कार्यालयले कार्यालय हाता र यार्डमा नियमित रुपमा निसंक्रमित गर्ने व्यवस्था मिलाउने।

घ. निजी क्षेत्र/छाता संगठनहरुले आफ्ना व्यवसायी/कर्मचारी/कामदारलाई स्वास्थ्यसँग सम्बन्धित मापदण्ड अनिवार्य रुपमा पालना गर्ने/गराउन लगाउने।

ङ. चीनबाट आयात हुने स्वास्थ्य लगायतका आवश्यक सामग्रीहरु प्राथमिकताका साथ सहज पैठारीको व्यवस्था मिलाउने।

च. भन्सार नाकामा विभिन्न भूमिकामा कार्यरत कर्मचारी/कामदारहरुलाई चीन सरकारले उपलब्ध गराएको खोप स्वास्थ्य कार्यालय, रसुवाले उपलब्ध गराउने। सो को लागि निजी क्षेत्र/छाता संगठनहरुले आवश्यक पहल गर्ने।

छ. कोभिड-१९ महामारीको समयमा पालना गर्नुपर्ने स्वास्थ्य सुरक्षा मापदण्डका साथै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जारी गरेको स्वास्थ्य सम्बन्धी मापदण्ड सबैले पालना गर्ने/गराउने।

ज. जिल्ला प्रशासन कार्यालय, रसुवा र भन्सार कार्यालय, रसुवाबाट सरोकारवालाहरुले स्वास्थ्य सुरक्षा मापदण्डको परिपालना गरे/नगरेको बारे नियमित अनुगमन गर्ने।

५. कोभिड-१९ संक्रमणको दोस्रो लहर नियन्त्रण एवं रोकथामका लागि विभिन्न क्षेत्रमा गरिएका निषेधाज्ञा तथा बन्दाबन्दीको क्रममा विगतको अनुभवबाट शिक्षा ग्रहण गर्दै स्थानीय तहहरुले महिला, बालबालिका, जेष्ठ नागरिक,

फरक रुपले सवल एवं लैङ्गिक अल्पसंख्यकहरु माथि हुनसक्ने हिंसा न्यूनीकरण/नियन्त्रणमा पूर्वतयारी गर्न उल्लिखित लिङ्ग, वर्गमैत्री क्वारेन्टिनको समयमै प्रबन्ध मिलाउने ।

६. कोभिड-१९ संक्रमण द्रुत गतिमा फैलिरहेको सम्बन्धमा यसलाई रोकथाम तथा नियन्त्रण गर्न सबै स्थानीय तहहरुले शंकास्पद बिरामीहरुको स्वाव संकलन गर्न जनशक्ति व्यवस्थापन गर्ने तथा उक्त स्वावलाई सम्बन्धित स्थानीय तहकै स्रोत साधनबाट RT-PCR परीक्षणका लागि ढुवानीको व्यवस्था गर्ने एवं स्वाव संकलन सम्बन्धी अभिमुखीकरणको आवश्यकता परेमा स्वास्थ्य कार्यालय, रसुवाले सहजीकरण गर्ने ।

७. कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण गर्न सबै स्थानीय तहहरुको मातहतमा रहेका स्वास्थ्य संस्थाहरुमा Fever Clinic सञ्चालन गर्ने, सम्बन्धित स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुको सम्पर्क नम्बर उपलब्ध गराउने, सामान्य लक्षण भएका बिरामीहरुको प्राथमिक उपचार गर्न तोकिएका औषधीहरु उपलब्ध गराउने, बिरामीको नियमित फलोअप गर्ने, जटिल समस्या देखिएमा रिफर गर्ने ।

८. स्थानीय तहका अस्पताल, प्रयोगशाला, सुचीकृत आइसोलेशन, क्वारेन्टिन, सीमा नाकामा रहेका स्वास्थ्य जाँच कक्ष (Health Desk) र Case Investigation तथा Contact Tracing का लागि आवश्यकता अनुसार बढीमा १ वर्षका लागि स्वास्थ्यकर्मीहरु करार सेवामा लिने, यसरी नियुक्त स्वास्थ्यकर्मीहरुलाई ६ महिनासम्म सम्बन्धित तहको शुरु तलव स्केलमा ५० प्रतिशत थप गरी र बाँकी ६ महिनाका लागि सम्बन्धित तहको शुरु तलव स्केल बराबरको पारिश्रमिक उपलब्ध गराउने ।

९. सबै निकाय तथा स्थानीय तहहरुमा सञ्चालित एम्बुलेन्सहरुलाई तयारी अवस्थामा राख्न लगाउने । स्थानीय तहहरुमा स्थापना भएका क्वारेन्टिन र आइसोलेशन केन्द्रहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने एवं हरेक केन्द्रहरुमा आवश्यक पर्ने Oxygen Cylinder र Pulse Oximeter हरुको यथोचित प्रबन्ध मिलाउने ।

१०. मिति २०७८।०१।२३ गतेदेखि रसुवा जिल्लाको प्रवेश बिन्दु बेत्रावतीबाट प्रवेश गर्ने सबै सवारी साधनका चालक एवं यात्रुहरुको स्वास्थ्य जाँच तथा स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्न/गराउन उत्तरगया गाउँपालिकाले सीमानामा स्वास्थ्य जाँच कक्ष(Health Desk) बाट Travel History हेरेर कोभिड-१९ संक्रमितसँग सम्पर्कमा आएका व्यक्तिलाई १० दिनसम्म क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउने ।

११.सबै स्थानीय तहहरुमा सञ्चालित दैनिक र उपभोग्य सामग्रीका पसलहरु मिति २०७८।०१।२३ गतेदेखि लागू हुने गरी बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म र बेलुकी ५:०० बजेदेखि ७:०० बजेसम्म मात्र खुल्ने/खुलाउने प्रबन्ध मिलाउने, होटलहरु बेलुका ८:०० बजे बन्द गर्ने/बन्द गर्न लगाउने ।

१२.रसुवा जिल्ला अस्पताल, धुन्चेबाट प्राप्त समस्या एवं आवश्यकताहरुको अबिलम्ब कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशमा अनुरोध गर्ने ।

१३.कोभिड-१९ को रोकथाम र नियन्त्रणको सम्बन्धमा बैठकबाट भएका निर्णयहरु जिल्लाका मुख्य व्यापारिक केन्द्रहरु बेत्रावती, कालिकास्थान, जिवजिवे, मैलुङ, धुन्चे, स्याफ्रुवेशी, टिमुरेमा स्थानीय तहले नजिकको प्रहरी चौकीसँग समन्वय गरेर हरेक दिन माईकिङ गर्ने ।